जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक ३५४ • २०८२ असोज २६ गते आईतवार • 12 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
Our Running Programmes
Computer Class & English Language
Coaching Class
Tuition Class
Entrance Preparation
Bridge Course
-Science
-Management
-CMAT Preparation
9854025530 / 9824885783

## मधेश प्रदेशमा बालिका सम्बन्धी ऐन तथा कानुनी संरचनाहरू कार्यान्वयनको चरणमा कमजोर देखिए

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २५ असोज**



मधेश प्रदेशमा बालिका सम्बन्धी ऐन तथा कानुनी संरचनाहरू कार्यान्वयनको चरणमा कमजोर देखिएको भन्दै सरोकारवालाले चासो व्यक्त गरेका छन्। अक्टोवर ११ अर्थात 'अन्तर्राष्ट्रिय बालिका दिवस' को अवसर पारेर सेभ द चिल्ड्रेन बर्दीबासले शनिवार आयोजना गरेको कार्यक्रममा मधेशका बालिकाको स्वास्थ्य, शिक्षा, सुरक्षा, सशक्तिकरण र नेतृत्व विकासका सम्वन्धमा विविध प्रश्न उठाइएको छ।

बालिका संरक्षण तथा सशक्तिकरण ऐन २०८१ सँगै बालबालिकासम्बन्धी ऐन ऐन २०७५ तथा मधेश प्रदेशको बालअधिकार ऐन, २०७७ र सम्बन्धित कानुनी संरचनाहरू अस्तित्वमा रहे पनि कार्यान्वयन पक्ष भने निरासाजनक रहेको औंल्याइएको छ। संघीय कानुन अनुसार बालबालिकाको अधिकार सुनिश्चित गर्ने दायित्व प्रदेश र स्थानीय सरकारको भए पनि बालिकाको अधिकार संरक्षण थप चुनौतीपूर्ण रहेको सरोकारवालाको आरोप छ। सेभ द चिल्ड्रेन बर्दीबासकी निमित्त प्रमुख रचना थापाले बालिकाहरुको शिक्षा र स्वास्थ्यमा पहुँच, बालश्रम अन्त्य, लैङ्गिक विभेद न्यूनीकरण र हिंसा निवारणजस्ता विषयमा बनेका कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयनमा चुनौती रहेको बताउनुभयो। उहाँका अनुसार नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरे पनि मधेश प्रदेशमा अझै पनि बालश्रम, बालविवाह र विद्यालय छोड्ने दर उच्च छ। सप्तरीका बाल अधिकारकर्मी सलमा खातुनले मधेशका बालिका (छोरी) ले सामना गर्नुपरेका चुनौती र मुद्दाहरुलाई उदृत गर्दै बालबालिका सम्बन्धी कानुनी प्रावधान जनस्तरसम्म पुग्न नसक्दा बालिकाहरु सधैं पछाडि पारिएको अनुभव सुनाउनुभयो। मधेश प्रदेशसभाकी महिला, बालबालिका तथा सामाजिक न्याय समिति सदस्य रुपा यादवका अनुसार बालिका संरक्षण तथा सशक्तिकरण ऐन २०८१ बने पनि कार्यान्वयन पक्ष चुनौतीपूर्ण रहेकाले बालिकाको अधिकार संरक्षण र प्रवर्धन गर्न कठिन भएको हो। सेभ द चिल्ड्रेन बर्दीबासका सञ्चार संयोजक झम्केश्वर ओझाले बाल अधिकारका लागि मधेश प्रदेशमा संसदीय मञ्च गठन भए पनि राज्यको लगानी कमजोर हुँदा लैंगिक विभेदको चक्र तोडन नसकिएको धारणा राख्नुभयो। बाल कल्याण अधिकारी यशोदा कार्कीले कानुन बलियो भए पनि जनशक्ति, बजेट र समन्वयको अभावले बालिकालाई हरेक क्षेत्रमा पछाडि पारिएको बताउनुभयो। कार्यक्रममा मधेश प्रदेशका बाल अधिकार क्षेत्रमा सक्रिय संघ संस्था, बाल क्लब, अधिकारवादी र राष्ट्रिय बाल अधिकार परिषद्का प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

## अन्तर्राष्ट्रिय बालिका दिवसमा छात्रा कराँते प्रतियोगिता

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २५ असोज**



अन्तर्राष्ट्रिय बालिका दिवसको अवसर पारेर जनकपुरधाममा छात्रा कराँते प्रतियोगिता आयोजना गरिएको छ। सशक्त महिला, समृद्ध नेपाल नाराका साथ मावि ज्ञानकूप जनकपुरधाममा शनिबार आयोजना गरिएको छात्रा कराँते प्रतियोगितामा ५ देखि कक्षा १० सम्मका छात्राहरुले भाग लिएका छन्।

विभिन्न तौल समूहका खेलाडीहरुबीच प्रतिष्पर्धा गराइएको रेफ्रि लभकुमार अधिकारीले बताए। युरोपियन युनियन र संयुक्त राष्ट्र संघको सहयोग तथा मधेश प्रदेश सरकार, एनएसकेए र लाइफ नेपालको समन्वय तथा सहकार्यमा किशोरी संजाल जनकपुरले आयोजना गरेको कराँते प्रतियोगितामा करिब ५० जना छात्राले विभिन्न तौल समूहमा प्रतिस्पर्धा गरेका छन्। जनकपुरधाम-८ का वडाध्यक्ष दिनेशकुमार सिंहको प्रमुख आतिथ्य तथा किशोरी समूह नगर बाल संजालका खुशी कुमारी साहको अध्यक्षतामा भएको उद्घाटन सत्रमा वक्ताहरुले बालिका सशक्त भए समाज सशक्त हुने विश्वास व्यक्त गरे। लाइफ नेपालका कार्यक्रम व्यवस्थापक लक्ष्मी साहले छोरीको महत्व बुझाउनकै लागि प्रत्येक वर्ष मनाइँदै आएको यो दिवसबाट सकारात्मक प्रतिफल आउने विश्वास व्यक्त गरिन्। पितृसतात्मक समाजमा अझै महिलालाई अवसरबाट बञ्चित गरिएको छ, उनले भनिन-महिला पनि नेतृत्व गर्न सक्षम छन्।

अवसर पाउनुपर्छ। शिक्षासँगै मांसिक र शारिरीक रुपमा स्वस्थ हुन आवश्यक रहेकाले यस प्रकारको प्रतियोगिताले छात्राको आत्मविश्वास वृद्धि हुने विश्वास गरिएको साहले बताइन्। समाज परिवर्तनका लागि आमा शिक्षित हुनुपर्छ, उनले भनिन्-आमा शिक्षित भएमात्रै आगामी पुस्ता पनि शिक्षित हुँदै जाने भएकाले बालिकालाई हरेक अवसरमा प्राथमिकतामा राख्नु पर्छ। बालिका अधिकार, सशक्तिकरण र लैङ्गिक भेदभाव हटाउनमा यस प्रकारको प्रतियोगिता उपयोगी साबित हुने धारणा साहको थियो।




'अइबेर के छठीघाट, अपन सांस्कृतिक वस्त्रके साथ' भन्ने नाराका साथ मधेशका युवा-युवतिहरूले जनकपुरधामको जानकी मन्दिर र मैथिलि विकास कोषमा रैथाने वस्त्र (धोतिकुर्ता र साडी) प्रदर्शन गरेको दृष्य।

## धनुषामा अन्तर्राष्ट्रिय बालिका दिवस मनाइयो




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २५ असोज**

धनुषामा विविध कार्यक्रम गरेर अन्तराष्ट्रिय बालिका दिवस मनाइएको छ। लक्ष्मीनियाँ गाउँपालिका-४ स्थित मावि सपहीमा शनिबार विविध कार्यक्रम गरी अन्तराष्ट्रिय बालिका दिवस मनाइएको हो। लक्ष्मीनियाँ गाउँपालिकाको समन्वयमा लाइफ नेपालले मावि सपहीमा छात्रा भलिवल र कबड्डी प्रतियोगिता आयोजना गरेको छ।

६ देखि कक्षा १० सम्मका छात्राहरुले भाग लिएको खेलमा विजयी टोलीलाई ट्रफी प्रदान गरिएको छ। लक्ष्मीनियाँ गाउँपालिकाका शिक्षा शाखा प्रमुख समेत रहेका मावि सपहीका प्रअ जयकुमार यादवको प्रमुख आतिथ्यमा भएको भलिवल र कबड्डी प्रतियोगिता मार्फत छात्राहरुले सशक्त समाज निर्माणमा आफूहरुको भूमिकालाई नजरअंदाज गर्न नहुने सन्देश दिने प्रयास गरेका छन्। बालिकाले पनि आफ्नो पहिचान आफै बनाउनु आजको आवश्यकता भएको प्रअ यादवले बताए। उनले बालिकाको विषयलाई केन्द्र बिन्दुमा राखेर अगाडि बढ्न सके दिवसको औचित्य पुष्टि हुने बताए। बालिका सशक्त भए मात्र सशक्त समाज निर्माण हुने भएकाले बालिकाहरुलाई अतिरिक्त क्रियाकलापमा संलग्न गराइएको लाइफ नेपालका अध्यक्ष सुरेत ठाकुरले बताए। बालिका अधिकारलाई प्रवर्द्धन गर्ने, बालिकालाई संरक्षण गर्ने, बालिकामाथि हुने सबै प्रकारका विभेदको अन्त्य, बालविवाह, गरिबी, अशिक्षा र विभेदबाट बालिकालाई मुक्त गराएर समृद्ध समाज बनाउन सकिने भएकाले यसका लागि आफूहरुले विभिन्न जागरण कार्यक्रमहरु संचालन गरिरहेको लाइफ नेपालका अध्यक्ष ठाकुरले बताए।

छात्राहरुबीच भलिवल र कबड्डी प्रतियोगिता आयोजना गरिएको थियो। उत्कृष्ट गरेका छात्राहरुलाई पुरस्कृत गरिएको थियो। १९ डिसेम्बर २०११ म भएको संयुक्त राष्ट्रसङ्घीय साधारणसभाको विशेष प्रस्तावबाट निर्णय भई सन् २०१२ देखि प्रत्येक वर्ष अक्टोबर ११ मा यो दिवस मनाउन थालिएको हो।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




# नैतिक मूल्यमा गिरावट

हाम्रो समाजमा प्राचीनकालदेखि स्थापित नैतिक मूल्यमा गिरावट आएको देखिन्छ। कतिपय अवस्थामा पुरानो अभ्यास र मानक भत्काउने स्वाभाविक प्रक्रिया रहेको देखिन्छ। तिनलाई भत्काएर नवनिर्माणको खाँचो हुन्छ कति अस्वाभाविक रूपमा स्खलनमा जाने हुनाले नव मान्यता स्थापित गर्न विहङ्गम विमर्श चलाउनु सामयिक रहदै आएको देखिन्छ। जसका लागि समाजमा अभ्यास गरिएको धार्मिक कानुन, त्यसले पारेका प्रभाव र समाजमा छोडेको अमिट छाप, मनोविज्ञान र विश्वासबारे तथ्यमा पुग्ने यत्न गर्नुपर्छ । नैतिकता मानवीय मूल्यहरूको त्यस्तो व्यवस्था हो जसले हाम्रो व्यवहार सुधार्ने र जीवनमा खुसी भित्र्याउने तागत राखेको देखिन्छ ।

लोकतन्त्र र गणतन्त्रलाई नैतिकता नभएको चिज भनेर जसरी आज बदनाम र अस्वीकृत गरिँदै छ, लोकतन्त्रले प्रार्थना, विनयशीलता र कृतज्ञता गुमाउँदै गएको देखिन्छ। यस्तो समाज अराजक र अनुशासनहीन बन्दै जान्छ। ज्ञान र विज्ञानको युगमा लापर्बाह, अराजक, गैरजिम्मेवार अनि असन्तुष्ट र खतरनाक भएर आफैँलाई सिध्याउने छुट हुँदैन। नैतिकता अब उपदेशको विषय मात्र होइन, व्यवहार र नीतिको अविभाज्य हिस्सा बन्नु पर्छ। राजनीतिक दल, धर्मगुरु, शिक्षाविद्, नीति निर्माता सबैले आआफ्नो क्षेत्रबाट नयाँ नैतिक ढाँचा निर्माणमा हात हाल्नुपर्छ । नयाँ पुस्तालाई प्रविधिसँगै नैतिक चिन्तन, विवेक र उत्तरदायित्व सिकाउनु पर्ने आजको आवश्यकता रहेको देखिन्छ।

# सगरमाथा चौधरी आँखा अस्पताल लहानद्वारा ३ वर्षमा पन्ध्र हजार विरामीको उपचार

जलेश्वरटुडे समाचारदाता
सिरहा, २५ असोज



सगरमाथा चौधरी आँखा अस्पताल लहानले तीन वर्षमा लहान नगरपालिकाको पन्ध्र हजार विरामीको उपचार गरेको जनाएको छ।

"दियोमुनि अँध्यारो रहनु हुँदैन" नारासाथ लहानमा यो अभियान चलाइएको छ। लहान नगरपालिकाको आर्थिक सहयोगमा अन्धोपन निवारण कार्यक्रम अन्तर्गत पन्ध्र हजारभन्दा बढीको आँखा उपचार र दुई हजारभन्दा बढीको मोतियाबन्दुको शल्यक्रिया गरिएको अस्पतालको प्रमुख प्रशासक अभिषेक रोशनले जानकारी दिनुभयो।

यस वर्षको लहान नगरपालिकामा आँखा शिविर धार्मिक पर्यटकीयस्थल लहान -१५ बाट तीन दिनअघि सुरु गरिएको थियो। शिविरमा ३०१ जनाको आँखा जाँचगर्दा ९६ जनामा मोतियाबिन्दुको विरामी फेला परेको शिविरका टोली प्रमुख राजकुमार यादवले बताउनुभयो। उहाँको अनुसार ५० जनाको शल्यक्रिया सम्पन्न भएको र ४६ जनाको शल्यक्रिया आज गरिदै छ। लहान नगरपालिकाको २४ वटै वडाहरुमा सञ्चालन गरिने शिविरबाट मोतियाबिन्दुको शल्यक्रिया गराउनु पर्ने विरामीहरुको शल्यक्रिया गराएर आर्थिक अवस्था कमजोर भएका सबै उमेर समूहका नगरवासीहरुलाई आँखासम्बन्धी निःशुल्क उपचारका लागि लहान नगरपालिकाले बजेट विनियोजन गरेर तीन वर्षदेखि शिविर चलाउँदैआएको छ । लहान नगरपालिका अभिभावकत्वको भूमिका खेलेकोमा आँखाको शल्यक्रिया गराएर संसार हेर्ने दृष्टि दिएको ६५ वर्षिय निरसी पासवानले खुसी साट्नुभयो।

उहाँले भन्नुभयो, "गरीव दलितमा मानवीय सङकट आउँदा राहत लिएर आइपुग्ने लहान नगरप्रमुख महेशप्रसाद चौधरी आँखाको उपचार गराएर नयाँ जीवन दिएकोमा शुभआशीर्वाद दिन चाहन्छु।"

# प्रधानाध्यापक साह घुस प्रकरणमा पक्राउ




जलेश्वरटुडे समाचारदाता
रौतहट, २५ असोज

रौतहटको देवाही गोनाही नगरपालिका-९ स्थित जय किसान नमुना माध्यमिक विद्यालय धरहरीका प्रधानाध्यापक सञ्जय प्रसाद साह घुस प्रकरणमा पक्राउ परेका छन्।

उनलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले शुक्रबार राति आफ्नै घरबाट नियन्त्रणमा लिएको हो। प्रधानाध्यापक साहले विद्यालयमा आज हुने माध्यमिक तह (द्वितीय) विज्ञान विषयको शिक्षक नियुक्ति परीक्षामा पास गरिदिने भन्दै एक शिक्षकसँग साढे चार लाख रुपैयाँ घुस मागेको आरोप लागेको छ। उक्त रकम लिँदै गर्दा उनका सहयोगी अरविन्द प्रकाश साह पनि अख्तियारको फन्दामा परेका हुन्।

स्रोतका अनुसार वीरगन्जका एक शिक्षकले परीक्षाका लागि फारम भरेका थिए। र उनीसँगै रकम मागिएको सूचनाको आधारमा अख्तियारबाट खटिएको टोलीले वीरगंजस्थित राधेमाई स्वीट्स एण्ड भोजनालयबाट सहयोगी अरविन्द प्रकाश साहलाई रंगेहात पक्राउ गरेको हो। त्यसपछि टोलीले धरहरी पुगेर प्रधानाध्यापक साहलाई समेत नियन्त्रणमा लिएको बताइएको छ। पक्राउ परेका दुवै जनालाई थप अनुसन्धानका लागि शुक्रबार राति नै काठमाडौँ लगिएको अख्तियार स्रोतले जनाएको छ।



अनुरोधकर्ता
सोनमा गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: खानपानमा समस्या आउने
सिंह: मनमा पछुतो आउने
कन्या: अनावश्यक चिन्ता
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: लामो यात्राको योग छ
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महावीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# युद्धविरामपछि गाजामा दुवै पक्षका बन्दी रिहा प्रक्रिया शुरू

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ असोज**



गाजामा इजरायल र हमासबीच सहमति अनुसारको युद्धविराम शुक्रबारदेखि लागू भएको छ । युद्धविराम लागू भएपछि इजरायली सेनाले गाजा क्षेत्रमा रहेका आफ्ना फौजलाई सहमत तैनाथी रेखासम्म फिर्ता गरेको इजरायली सेनाले जनाएको छ।

इजरायली सेनाको विज्ञप्तिमा भनिएको छ, "सैनिकहरू नयाँ तैनाथी रेखा अनुसारका स्थानमा पुनःस्थित हुँदैछन् । दक्षिण कमाण्डअन्तर्गतका फौज अझै पनि क्षेत्रमा तैनाथ छन् र तत्कालीन खतरा हटाउने कार्य जारी रहनेछ।" अमेरिकी मध्यस्थतामा भएको यो सम्झौताअनुसार, हमासको नियन्त्रणमा रहेका बन्दी मुक्तिका लागि ७२ घण्टे समयावधि शुरू भएको छ। पहिलो चरणमा इजरायलले झण्डै दुई हजार प्यालेस्टिनी कैदी र बन्दीलाई रिहा गर्नेछ । प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले टेलिभिजन सम्बोधनमा भने, "हाम्रा सैनिकहरू अझै पनि गाजाको भित्रिभागमा रहनेछन् र नियन्त्रणका क्षेत्रमा दबाब कायम राख्नेछन् । यो सम्झौताको अर्को चरणका लागि तयारी जारी रहनेछ ।" उनका अनुसार आगामी दिनमा २० जना जीवित बन्दीलाई रिहा गरिनेछ भने २८ जना मृतकका शव हस्तान्तरण गरिनेछ । उनले थपे, "हमासलाई निशस्त्र पारिनेछ र गाजालाई सैन्यरहित क्षेत्र बनाइनेछ। यदि यी लक्ष्य सजिलै प्राप्त भएनन् भने कठिन तरिकाले पूरा गरिनेछ।"

हमास-नियन्त्रित आन्तरिक प्रशासनले पनि युद्धविराम लागू भएपछि इजरायली सेनाले फिर्ता गरेका क्षेत्रमा आफ्ना सुरक्षाबल तैनाथ गर्ने जनाएको छ।

# राजेश हमालको जीवनगाथा 'युगदेखि युगसम्म' पुस्तक सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ असोज**



नेपाली चलचित्रका महानायक राजेश हमालको जीवन, सिनेमा यात्रा र समाजप्रतिको योगदान समेटिएको पुस्तक 'महानायक राजेश हमाल : युगदेखि युगसम्म' सार्वजनिक भएको छ। असोज २५ गते (शनिबार) काठमाडौंस्थित नेपाल प्रज्ञा प्रतिष्ठान भवनमा आयोजित एक कार्यक्रममा यो पुस्तक लोकार्पण गरिएको हो।

यो पुस्तक लेखक यज्ञशसँगको संवादमा आधारित रहेको छ। लोकार्पण कार्यक्रममा स्वयं महानायक राजेश हमाल, लेखक यज्ञश, चर्चित लेखक बुद्धिसागर र मधु भट्टराईले संयुक्त रूपमा पुस्तक सार्वजनिक गरे। 'युगदेखि युगसम्म' मा राजेश हमालको पर्दादेखि पानासम्मको लामो यात्रा, चलचित्र क्षेत्रमा बिताएको समय, सङ्घर्ष, सफलताका कथाहरू र व्यक्तिगत जीवनका सम्झनाहरू समेटिएका छन् । पुस्तकले हमालको जीवनका स्मृति र संस्कारहरूलाई आत्मीय ढङ्गले प्रस्तुत गरेको छ । कार्यक्रममा उपस्थित चलचित्रप्रेमी र पाठकहरूको उत्साह उल्लेखनीय थियो।

भक्तपुरबाट आएका रवीन्द्र बस्नेतले बिहानै पुस्तक लिन आएको र सुरुका २५ जनाले मात्र हस्ताक्षरसहितको निःशुल्क पुस्तक पाउने अवसरमा भाग्यमानी बनेर पाउन सफल भएको बताए।

# खत्वे समाजद्वारा जनकपुरधाममा प्रथम मधेश प्रदेश सम्मेलन सम्पन्न

**सुरेन्द्र रविदास**
**जनकपुरधाम, २५ असोज**




खत्वे समाज समिति जनकपुरधाम, धनुषाद्वारा जनकपुरधाममा प्रथम मधेश प्रदेश महासम्मेलन भव्य रूपमा सम्पन्न गरिएको छ । "खत्वे समाजको अभियान, जातीय एकता पहिचान" भन्ने मूल नाराका साथ जनकपुर उद्योग वाणिज्य संघको सभाहलमा कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि पूर्व सांसद राम दयाल मण्डल रहेका थिए। उनले समाजको एकता, शिक्षा र आत्म गौरवकै माध्यमबाट समुदायको सशक्तिकरण सम्भव हुने बताउँदै समाजका युवा पुस्तालाई एकताबद्ध भएर अघि बढ्न आग्रह गरेकार्यक्रमको अध्यक्षता राजा राम मण्डलले गरेका थिए। उनले खत्वे समुदायको सामाजिक, आर्थिक र शैक्षिक विकासका लागि सामूहिक प्रयास आवश्यक रहेको उल्लेख गर्दै यस्तो सम्मेलनले आपसी सम्बन्ध मजबुत बनाउन सहयोग पुर्‍याउने विश्वास व्यक्त गरेसम्मेलनमा मधेश प्रदेशका विभिन्न जिल्लाबाट खत्वे समाजका अगुवा, बुद्धिजीवी, महिला, युवा तथा सामाजिक कार्यकर्ताहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रममा समाजको संगठनात्मक सुदृढीकरण, शिक्षा, सामाजिक जागरण र राजनीतिक सहभागिताका विषयमा विस्तृत छलफल गरिएको थियो। कार्यक्रमको समापनमा सहभागीहरूले खत्वे समाजलाई एकजुट, सशक्त र शिक्षित बनाउन निरन्तर अभियान सञ्चालन गर्ने प्रतिवद्धता जनाए।

# समावेशी सञ्चार प्रवर्द्धनका लागि सपोर्ट नेपालको पहलमा रेडियो श्रोता क्लब गठन

**आरजे इर्शाद शेख**
**महोत्तरी, २५ असोज**






सपोर्ट नेपालद्वारा सञ्चालित 'सशक्तिकरण परियोजना' अन्तर्गत मटिहानी नगरपालिका-०३, बरदाहामा शनिबार रेडियो श्रोता क्लब गठनसम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।

स्थानीय तहमा सञ्चार पहुँच विस्तार गर्दै नागरिक आवाजलाई सशक्त बनाउने उद्देश्यसहित आयोजित कार्यक्रममा मटिहानीका विभिन्न वडाबाट प्रतिनिधित्व हुने गरी क्लब गठन प्रक्रिया सुरु गरिएको हो। कार्यक्रममा 'समावेशी आवाज' नामक रेडियो कार्यक्रमबारे जानकारी दिइयो, जसले विशेषगरी दलित, महिला, मुस्लिम, अल्पसंख्यक, सीमान्तकृत र अतिविपन्न समुदायका मुद्दाहरूलाई प्राथमिकता दिने लक्ष्य राखेको छ। अभिमुखिकरण सत्रमा सहभागीहरूलाई रेडियो श्रोता क्लबको उद्देश्य, कार्यविधि, मासिक बैठक संरचना तथा कार्यक्रमसँगको अन्तर क्रियाको महत्वबारे विस्तृत जानकारी दिइएको थियो। सहभागीहरूले क्लबलाई सक्रिय बनाउँदै सूचना र सामाजिक संवाद प्रवर्द्धनमा सक्रिय भूमिका खेल्ने प्रतिबद्धता जनाए।

कार्यक्रममा सपोर्ट नेपालका महोत्तरी जिल्ला संयोजक प्रकाश ठाकुर र धनुषा जिल्ला संयोजक अभियन्ता शत्रुधन महतोको उपस्थिति रहेको थियो। उनीहरूले रेडियो श्रोता क्लबले स्थानीय नागरिकको आवाज सशक्त बनाउने विश्वास व्यक्त गरे।सपोर्ट नेपालले क्लब सदस्यहरूलाई रेडियो उपकरण वितरण गर्ने जानकारी दिँदै, कार्यक्रम सुन्ने, प्रतिक्रिया दिने र मासिक छलफललाई थप प्रभावकारी बनाउने बताएको छ।वडा नं. १ बाटः' वकिल राय, सोनु मण्डल, गायत्री देवी, नीरज मण्डल मोहम्मद निजामुद्दीन अन्सारी।

वडा नं. ३ बाटः- मेहरून खातुन, राम हुलास याद,शेर मोहम्मद, हबीबुल राइन, मुकेश पासी कार्यक्रमपछि वकिल रायलाई सर्वसम्मतिले क्लब संयोजकको रूपमा चयन गरिएको छ।



# नयाँ सरकारसँग युवा पुस्ताको अपेक्षा




-जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकारसँग युवा पुस्ताले स्थायित्व, सुशासन र भ्रष्टाचारको अन्त्यको अपेक्षा गरेका छन् । युवाहरूले रोजगारी, उद्यमशीलता, कृषि तथा शिक्षा प्रणाली सुधारमा सरकारबाट ठोस कदमको आशा राखेका छन्। सरकारले युवाका लागि अवसर सिर्जना गर्न र उनीहरूको जोसलाई राष्ट्रनिर्माणमा उपयोग गर्न प्राथमिकता दिनुपर्ने आवश्यकता देखिएको छ। जेन-जी आन्दोलनपश्चात् अन्तरिम सरकार बनेसँगै आमयुवाहरू देशमा स्थायित्व, सुशासन र भ्रष्टाचारको अन्त्य हुने आशामा बसेका छन् ।


पुराना पार्टीहरूप्रति बढ्दो वितृष्णा, चरम भ्रष्टाचार र सामाजिक सञ्जाल बन्दका विरुद्धमा भएको जेन-जी पुस्ताको आन्दोलनका केही नकारात्मक पक्ष पनि होलान् तर यो आन्दोलनका उपलब्धिलाई सकारात्मक रूपमा हेर्दा यो सरकारप्रति युवा आशा अझ बढिरहेको छ । पुराना राजनीतिक दल र पुराना राजनीतिक दलका पनि बुढा पुस्ताका नेता सदैव नेतृत्व तहमा बसेर राज्य सत्ता चलाइरहँदा आजित युवा पुस्ताले स्थापित गरेको वर्तमान सरकारसँग थप आशा राख्नु स्वाभाविक पनि हो । यसरी युवाहरूको आशा र भरोसा अझ बढ्दा यो सरकारको कार्यभार र जिम्मेवारी थप अर्थपूर्ण बनेको छ ।

यससँगै राजनीतिमा सधैँभरि बुढा पुस्ता हावी हुँदा चिन्तित भएका युवा पुस्ताले भोलिका दिनमा देशको नेतृत्वमा युवापुस्ताको बाहुल्य हुने अपेक्षासमेत गरेका छन् । हुन त ६ महिनाको समयावधि र चुनावी म्यान्डेट लिएर आएको वर्तमान सरकारले लामो समयसम्म नेतृत्वमा रहन पाउने छैन, तर पनि दर्जनौं युवाको बलिदानबाट प्राप्त सरकारबाट युवाहरूले कम्तीमा पाँच महिनाभित्रै कुनै न कुनै तबरबाट देशमा परिवर्तनको आभास महसुस गर्न चाहेका छन् । जेन-जी आन्दोलनको मूल एजेन्डा नै सुशासन, पारदर्शिता, जवाफदेही नेतृत्व र भ्रष्टाचारमुक्त समाज निर्माणमा केन्द्रित थियो । नेपालमा पछिल्ला दशकमा भ्रष्टाचारले अत्यन्तै विकराल रूप लिएको मात्र थिएन, जरो नै गाडेर बसेको थियो । वडा तहमा सरकारी निकायदेखि ठूला परियोजनासम्म, शिक्षा र स्वास्थ्यदेखि कानुन तथा सुरक्षा क्षेत्रसम्म भ्रष्टाचार व्याप्त छ । देशले विकासको गति लिन नसक्नुमा यसको गहिरो प्रभाव देखिन्छ । नेपाली नागरिकताको प्रमाणपत्र बनाउँदादेखि माथिल्लो तहका जुनसुकै काममा पनि भ्रष्टाचार व्याप्त छ । स्थानीयको काममा अवरोध नै अवरोध छ । जेन-जी आन्दोलनका क्रममा भ्रष्टाचार र बेथिति बढाएको आरोपमा राजनीतिक दलका नेता बढी टार्गेटमा परे पनि कर्मचारी प्रशासन पनि 'करप्सन' मा कम छैन । त्यसैले भ्रष्टाचारको अन्त्यका लागि यस सरकारले यथाशीघ्र ठोस कदम चाल्नुपर्ने अपरिहार्य छ । नेपालमा रोजगारीको अवसर नहुँदा देशका खम्बाका रूपमा रहेका युवा पुस्ता दिनानुदिन खाडी मुलुकलगायत विदेश जान बाध्य छन् । कैयौं युवक, युवती बिहान-बेलुकाको छाक टार्नकै लागि आफ्नो परिवारसँग बिछोड भई विदेश जान बाध्य छन् । यसको प्रमुख कारण बेरोजगारी नै हो । चुनावका समयमा युवालाई रोजगारी दिलाउने भनेर चर्को नारा र घोषणापत्र बनाउने दलका नेता सत्तामा पुगेपछि देश होइन, आफू र आफ्ना नातागोता मात्र कसरी सुखी र सम्पन्न हुने भन्नेमा ध्यान केन्द्रित गर्दा आजको परिणाम आएको हो । यस पटक युवा आन्दोलनबाटै निर्मित सरकारले नेपालमा बढ्दो बेरोजगारीको अन्त्य गर्न कदम चाल्नेमा युवा पुस्ता ढुक्क छ । युवाका लागि नयाँ सरकारले मुख्य एजेन्डा बनाउनुपर्ने नै रोजगारी हो । यसका लागि केन्द्रीय सरकारले युवाका लागि युवा उद्यम, स्थानीय उत्पादनलाई प्रोत्साहन, कृषि र पशुपालनमा अनुदानको व्यवस्था, उद्योग र कलकारखाना स्थापना, स्थानीय तहसम्मै युवाका लागि तालिमको अवसर दिनेलगायतका विषयलाई प्राथमिकतामा राख्नुपर्नेछ ।

जेन-जी प्रदर्शनका क्रममा भड्किएको हिंसाका कारण कतिपय देशले कामदार भिसा नदिने लगायतका घोषणा गरेका छन् । यसले अझ बढी युवा बेरोजगार बन्ने, रोजगारीका लागि विदेश जाने बाटोसमेत बन्द हुने र राजनीतिक पहुँचका आधारमा विभिन्न सरकारी निकायमा जागिर खाएका करिब १० हजार बेरोजगार हुने निश्चित छ । प्रदेश र स्थानीय सरकारको समन्वयमा युवालाई उद्यमी बनाउने कार्य महत्त्वपूर्ण कार्यभार सम्झेर अगाडि बढाउँदा थप युवालाई रोजगारमुखी बनाउन सकिन्छ । विकासको मूल प्रवाहमा रहेका युवालाई प्रत्यक्ष सहभागी गराउनु भनेको स्थानीय सरकार मात्र नभई मुलुक नै समृद्धिको बाटोमा अघि बढ्नु हो ।

उद्यमशीलताले नै देशमा रोजगारी सिर्जना गर्नेछ । उद्यमीहरूको उद्यमशीलता र लगनशीलताले नै आज विश्वका धनी राष्ट्रको अर्थतन्त्रमा बृहत्तर विकास सम्भव भएको हो । राज्यले स्थानीयस्तरमा उत्पादन हुने वस्तुलाई प्राथमिकतामा राखेको भए पनि धेरै स्थानीय तहले यो लागू गर्न सक्का छैनन् । जसका कारण स्थानीयस्तरमै युवा पुस्ताले उत्पादन गरेको सामग्रीले बजार नपाउने र आफ्नै स्थानीयस्तरमा बाहिरबाट आयातित वस्तुको उपभोग बढ्दो रहेको छ । नेपाल एक कृषिप्रधान देश हो तर यहाँका खेतीयोग्य जमिन बाँझो छन् । सरकारको राम्रो साथ नपाउँदा खेतीयोग्य जमिन छाडेर युवाहरू खाडी मुलुक जान बाध्य छन् । स्थानीयस्तरमै पनि धेरै युवाले कृषि र पशुपालनको क्षेत्रमा काम गरेर आत्मनिर्भर हुन चाहेका छन् तर उनीहरूसँग लगानी गर्न पैसा छैन ।

साभार : कान्तिपुर ।



अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday